# बोडे (धर्मपुर) को ऐतिहासिकता

–सुश्री सुलोचना चित्रकार

वंशावलीहरूमा नेपालमा शासन गर्ने गोपाल, महिषपाल, आभिर, किरांत वंशको नाम र तिनीहरूको सूची पनि उल्लेख गरिएको छ। तर वंशावलीहरूमा घटना घटेका धेरै वर्षपछि लेखिएकोले त्यति प्रामाणिकता छैन। हुन त किराँतकालको पनि कुनै ऐतिहासिक प्रमाण हालसम्म फेला पार्न सकिएको छैन तापनि लिच्छविकाल पूर्व नेपालमा किराँतहरूले शासन गर्दथे भन्ने कुरामा सबै इतिहासकारहरूको मतैक्यता छ। यसै समयदेखि नेपालको भारतसंगको व्यापार सम्बन्धले गर्दा बाहिरी जगत्‌मा पनि प्रख्यात हुन थालिएको थियो।[1] नेपालको आर्थिक,धार्मिक र सामाजिक विकासको प्रक्रिया पनि केही अंशमा त्यसै बेला शुरू भइसकेको संकेत दिने केही आधारहरू नपाइने होइनन्।[2] तर उत्खनन् तथा वैज्ञानिक अन्वेषण हुन बाँकी नै भएको हुनाले किराँतकालको इतिहास स्पष्ट छैन।[3]

किराँतवंशपछि नेपालमा शासन गर्ने लिच्छवि वंश हो तापनि लिच्छविकालको इतिहास ईशाको पाँचौं शताब्दीदेखि मात्र स्पष्ट छ। शक संवत् ३८६ को मानदेव-को चाँगुको अभिलेखले त्यस समयको आर्थिक, सामाजिक र राजनैतिक अवस्थाको जानकारी दिएको छ।

यस पछिका लिच्छविकालका प्रशस्त अभिलेखहरू फेला परेका छन् जसले त्यस समयको प्रशासन व्यवस्था आदि विषयको पनि जानकारी दिएको छ। तैपनि लिच्छविकालको शासन केन्द्र कुन स्थानमा अवस्थित थियो, हालसम्म पनि यकिन हुन सकेको छैन। शिलालेखमा पाइएका स्थानहरूको आधारमा बस्ती बसेका स्थानहरूको जानकारी पाइन्छ। शिलालेख पाइएका स्थानहरूमध्ये ठिमी पनि एक हो। अंशुवर्मा ताकाको ठिमीको अभिलेखमा वासुदेवको पूजाआजाको व्यवस्था मिलाइएको कुरा उल्लेख छ।[4]

लिच्छविकालमा प्रचलित धार्मिक सम्प्रदायहरूमध्ये वैष्णव सम्प्रदाय पनि एक हो। उक्त अभिलेखमा "गुरो-र्व्वासुदेवस्य" उल्लेख भएबाट[5] ठिमी प्रदेशमा त्यसवेला

---

१. धनवज्र वज्राचार्य टेकबहादुर श्रेष्ठ, **पांचाली शासन पद्धतिको ऐतिहासिक विवेचना**, नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०३५, पृष्ठ ३.।

२. ऐ., पृष्ठ ४।

३. ऐ., पृष्ठ ४।

४. धनवज्र वज्राचार्य, **लिच्छविकालको अभिलेख,** नेपाल र एशियाली अध्ययन संस्थान, २०३०, पृष्ठ ३९३।

५. ऐ., पृष्ठ ३९३।

वासुदेवको मन्दिर हुनुपर्छ । अर्को त्यस भेकमा पाइएको लिच्छविकालीन अभिलेख बोडे नील वाराहीको हो । अभिलेख राखेको समयमा जिष्णुगुप्त याप्रीङ्ग गाउँमै बसेका थिए । अभिलेखको सन्दर्भबाट याप्रीङग्राम दोस्रो राजधानीको रूपमा विकसित भएको देखिन्छ । राजधानीको रूपमा विकसित भएबाट उक्त स्थलमा भव्य भवन तथा मन्दिर–हरू हुनु स्वभाविक नै छ । उक्त अभिलेखमा उल्लेख गरिएका याप्रीङग्राम, वैद्यभद्गुदि, लुन्श्री प्रदेश र दुप्रङ ग्राम यसै भेकका ठाउँ हुन् भन्ने अड्कल गर्न सकिन्छ । उल्लेखित ठाउँहरुमध्ये लुन्श्री प्रदेश विशेष विचारणीय छ । लुन्श्री प्रदेश तत्कालीन परिस्थितिको प्रशासकीय प्रदेशको रूपमा रहेको मान्न सकिन्छ ।[6]

पाइएका लिच्छविकालीन दुई अभिलेखमध्ये जिष्णुगुप्तको अभिलेखको करीब सातसय वर्ष पछि ने. सं. ४५४ को सन्दर्भमा गोपाल राज वशावलीमा 'वोद्य' देशको रूपमा बोडेको उल्लेख भएको छ ।[7] गोपाल राज वंशावलीको सन्दर्भबाट त्यसबेलासम्म बोडेले आफ्नो क्षेत्रीय स्वरूप धानी रहेको देखिन्छ ।[8]

चौधौं शताब्दीको शुरूवातमा वनेपाको वर्धन परिवार ज्यादै शक्तिशाली थिए । ने. सं. ४५४ माघ महीनामा वनेपाका अनेकराम भा र कस्त भा दुवै मिली बोडे देशमा आगो लगाएका थिए ।[9] यहाँ बोडे नामको पछाडि 'देश' शब्द जोडिएको छ । नेवारी भाषामा 'देश' को अर्थ शहर हुन्छ । यसकारण चौधौं शताब्दीको मध्य–तिर बोडे शहरको रूपमा व्यवस्थित भइसकेको प्रष्ट छ । उपर्युक्त घटनाको सोह्र वर्ष पछि अर्थात् शमसुद्दीनको आक्रमणको २४ औं दिनमा पाटन र वनेपा मिली ठिमीमा किल्ला बनाएका थिए ।[10] यसबाट तत्कालीन समयमा ठिमी प्रदेशको सामरिक महत्त्व रहेको स्पष्ट हुन्छ । उक्त किल्ला बनेको करीव बाइस वर्षपछि ठिमीमा पाटनका प्रधान पात्रहरू संयुक्त भई हमला गरेको बेला उक्त हमला–को दमन गर्न जयस्थिति मल्ल आफै सरीक भई आएका थिए ।[11] ने. सं. ५०० मा यटपाटमा (भक्तपुरको कुनै ठाउँ) ठूलो कुलो बनाई सकेको खुशीयालीमा आयोजना गरिएको भोजमा ठिमीका जनता पनि निम्त्याइएका थिए । उक्त खुशीयाली भोजमा जयस्थिति मल्ल आफै पनि उपस्थित भएका थिए ।[12]

चौधौं शताब्दीको उत्तरार्द्धमा ठिमी र बोडे भक्तपुर राज्य अन्तर्गत भइसकेको थियो । जयस्थिति मल्लका नाती यक्ष मल्लले भक्तपुरलाई एक गढको रूपमा परिणत गरेका थिए । ठिमी वलाछें टोलमा यिनले महादेवको मन्दिर बनाउन लगाएका थिए ।[13] ने. सं. ६०१ मा यक्षमल्लको मृत्यु भयो । यिनको मृत्यु पछि निजका छोराहरूले केही वर्षसम्म मिलीजुली शासन गरे । राय मल्ल भक्तपुरको स्वतन्त्र राजाको रूपमा देखा परे । राय मल्लको राज्यको

---

६. डा. जगदीशचन्द्र रेग्मी, **नेपालको ऐतिहासिक भूगोल**, त्रि. वि , पाठ्यक्रम विकास केन्द्र, २०३६, पृष्ठ ५८–५९ ।

७. धनवज्र वज्राचार्य र कमलप्रकाश मल्ल, **गोपाल राज वंशावली**, नेपाल रिसर्च सेन्टर, १९८५, पृष्ठ ५६ ।

८. डा. जगदीशचन्द्र रेग्मी, **नेपालको ऐतिहासिक भूगोल**, त्रि. वि., पाठ्यक्रम विकास केन्द्र, २०३९, पृष्ठ ५६ ।

९. धनवज्र वज्राचार्य र कमलप्रकाश मल्ल, **गोपाल राज वंशावली**, नेपाल रिसर्च सेन्टर, १८९५, पृष्ठ १०४ ।

१०. धनवज्र वज्राचार्य र कमलप्रकाश मल्ल, **गोपाल राज वंशावली**, नेपाल रिसर्च सेन्टर, १९८५, पृष्ठ १०८ ।

११. ऐ., पृष्ठ १११ ।

१२. ऐ , पृष्ठ ११४ ।

१३. **भक्तपुर अभिलेख सूची**, श्री ५ को सरकार, पुरातत्त्व र संस्कृति विभाग, वीर पुस्तकालय, २०२०, पृष्ठ ६–७ ।

वर्णनमा ठिमी, नगदेश र बोडेको उल्लेख परेको छ।[14] काठमाडौं उपत्यकाको विभाजन पनि ठिमी, बोडे अविछिन्न रूपमा भक्तपुरकै अन्तर्गत रही नै रह्यो। राय मल्लको छोरा सुवर्ण मल्ल(भुवन मल्ल)ले (ने. सं. ६२६–६४४) ठिमी, बोडे र नगदेशमा क्रमशः ७००, ५०० र ५०० को घर बनाई शहर बसालेको उल्लेख[15] पाइन्छ। करीब पौने दुइसय वर्ष अगाडि 'देश' शब्द व्यवहारमा आइसकेको बोडेमा जयस्थिति मल्लका खास पनाती सुवर्ण मल्लले शहर बसालेको भनी उल्लेख हुनु विचारणीय छ। सम्भवतः ठिमी, नगदेश र बोडे यी तीनै शहरलाई सुवर्ण मल्लले सुव्यवस्थित गरेको हुनुपर्छ। पछिल्ला कालमा तीन शहरका राजाहरूको इर्ष्या, द्वेषबाट आपसी मेलमिलापको वातावरण दूषित भयो फलस्वरूप एकले अर्कोलाई सताउने प्रवृत्ति बढ्दै गयो। समय समयमा लडाई झगडा भै रहने हुँदा राज्यको सीमा स्थिर रहँदैनथ्यो तैपनि ठिमी भने सधैं झैं भक्तपुर अन्तर्गत नै रह्यो। ने. सं. ७८० मा जगतप्रकाश मल्लले हमला गरी चाँगुको छाउनीमा आगो लगाई आठ जना मानिसलाई मारेका र एकाइस जनालाई कैदी बनाएका थिए। भोलि पल्ट ती पक्रिएका मानिसहरूको पनि ज्यान लिए। यस घटनाबाट रूष्ट भएर श्रीनिवास मल्लले बोडे, नगदेश र ठिमीमा आक्रमण गरी विजय गरे। तर भक्तपुरका राजा जगतप्रकाश मल्लले एउटा हात्ती र धेरै धन श्रीनिवास मल्ललाई दिएर क्षमा याचना गरी पाटनसंग सन्धि गरी तुरून्तै ती ठाउँहरू फिर्ता लिएका थिए।[16] ने. सं. ८१८ मा भूपालेन्द्र मल्लले ठिमीमा आक्रमण गरेका थिए। यस समयमा ललितपुरले भक्तपुरलाई सहयोग गरेकाले भक्तपुरले काठमाडौंलाई ठिमीबाट हटायो।[17] यसरी ठिमीमा कहिले ललितपुर र कहिले काठमाडौंले आक्रमण गरे तापनि अनेक प्रयत्न गरेर (कहिले मिलापत्र गरेर त कहिले अर्को राज्यको सहयोग लिएर) पनि भक्तपुरले ठिमी तुरून्तै फिर्ता लिएकोले ठिमी भक्तपुरको एउटा महत्त्वपूर्ण वस्ती रहेको कुरा स्पष्ट हुन्छ। जगतप्रकाश मल्ल पछि भक्तपुरको गद्दीमा जितामित्र मल्ल बसे। यिनको राज्यकालसंग सम्बन्धित कुनै पनि प्रमाणहरू हालसम्म यस क्षेत्रमा प्राप्त नभएबाट यिनको शासनकालमा ठिमी र बोडे इलाका (प्रदेश) मा सम्भवतः कुनै कार्य भएन होला। ने. सं. ८१६ मा भूपतिन्द्र मल्ल भक्तपुरको राजगद्दीमा बसे।[18] भक्तपुरको चौतर्फी विकासको लागि उनले निकै प्रयत्न गरे। भक्तपुरको मात्र होइन तीनै राज्यको विकास होस् र तीनै राज्यका जनतामा मेलमिलाप होस् भन्ने उनी चाहन्थे। तसर्थ उनले भक्तपुर र कान्तिपुरको साँगुरो र लामो बाटो चौडा गराई बाटोको दुवै तर्फ रूखहरू रोप्न लगाई बटुवाहरूलाई आराम गर्न पौवा पाटीहरू पनि बनाई दिएका थिए।[19] भक्तपुर र काठमाडौं बीचमा पर्ने ठिमीले बाटोघाटोको विकास हुँदा आर्थिक विकास गर्ने अवसर अवश्य प्राप्त गऱ्यो होला। त्यस समयमा ठिमीका जनताले विभिन्न धार्मिक कार्यहरू गरेको कुरा त्यहाँका देव मन्दिरहरूमा रहेका शिलालेखहरूबाट स्पष्ट हुन्छ। उदाहरणको लागि सिद्धिकाली मन्दिर नजिकको शिलालेखलाई लिन सकिन्छ।[20] यसमा मानसिं प्रजापति समेतले पाटीको निर्माण गरेको कुरा उल्लेख गरिएको छ। भूपतिन्द्र मल्लको समयमा भक्तपुरले कलाकौशलमा निकै विकास गऱ्यो। भक्तपुरको प्रसिद्ध

१४. डिल्लीरमण रेग्मी, **मिडियवल नेपाल,** भाग दुई, फर्मा के. एल. मुखोपाध्याय, कलकत्ता, १९६६, पृष्ठ २०६।

१५. लिलाभक्त मुनंकर्मी, **मध्यकालीन नेपाल**, रत्न पुस्तक भण्डार, २०२५, पृष्ठ २३।

१६. ऐ., पृष्ठ २३।

१७. डिल्लीरमण रेग्मी, **मिडियवल नेपाल**, भाग दुई, पृष्ठ ४१०।

१८. ऐ., पृष्ठ २३५।

१९. लिलाभक्त मुनंकर्मी, **मध्यकालीन नेपाल**, रत्न पुस्तक भण्डार, २०२५, पृष्ठ ५३।

२०. **भक्तपुर शिलालेख सूची**, श्री ५ को सरकार, पुरातत्त्व र संस्कृति विभाग, वीर पुस्तकालय, २०२०, पृष्ठ ६–७।

न्यातपोल मन्दिर, ५५ झ्याले दरबार उनकै कृति हुन्। उनले ५५ झ्याले दरबार अगाडि आफ्नो सालिक राख्न लगाएका थिए जुन आजसम्म छँदैछ। उनले ने. सं. ८३७ श्रावण शुक्ल तृतीयाको दिनमा बोडेमा नील वाराही देवी गणको नाच नचाउन गुठी राखी ताम्रपत्र गरिदिएका थिए।[21]

भूपतिन्द्र मल्लको मृत्युपछि ने. सं. ८४२ मा भक्तपुरको राजगद्दीमा रणजीत मल्ल बसे। उनी सोझा र धार्मिक प्रवृत्तिका राजा थिए तर त्यस समयको राजनैतिक परिस्थितिले गर्दा अनेक लडाई, झगडामा उनले अलमलिनु परेको थियो।

(ने. सं. ८५०) वि. सं. १७८७ तिर कान्तिपुर, ललितपुर र गोर्खाका राजा मिली भक्तपुरको अधीन भएको "ओभु" किल्लामा आक्रमण गर्दा ठिमी, नगदेश र बोडे मिली आक्रमणकारीहरूलाई हटाई 'ओभु' किल्ला फिर्ता लिएका थिए।[22] यसबाट ठिमी भेगको सैन्य शक्ति बलियो रहेको प्रमाणित हुन्छ। सैन्य शक्ति बलियो नभएको भए ३ वटा राज्य मिली गरेको आक्रमणलाई विफल पार्न सक्ने थिएन। यसबाट राजा खुशी भएर जमीन, सुनको गहना र हात्ती समेत जनतालाई बक्स दिएका थिए।[23]

वि. सं १७९७ (ने. सं. ८६०) मा रणजीत मल्लले उत्तराधिकारी रूपमा दुई वर्षे छोरा वीरनरसिंहलाई युवराज घोषणा गरे। यस निर्णयमा रणजीत मल्लको मठ्याहा छोराहरू र भित्रीनीहरूले विरोध जनाउँदा रणजीत मल्ल अन्योलमा परे। यस विरोधबाट घोषित युवराजलाई खतरा हुनसक्ने सम्भावना भएकोले रानी आफ्ना दुई वर्षे छोरालाई साथ लिई ठिमीको शरण लिन गइन्।[24] ठिमीमा उनको भव्य स्वागत गरी दुई वर्षे युवराजलाई नै वैध युवराज घोषित गरे। ठिमीका जनताको निर्णयलाई नाला र अन्य स्थानका जनताले पनि स्वीकारे। ठ्यासफुमा वि. सं. १७९५ (ने. सं. ८५८) श्रावण कृष्ण द्वितीयामा ठिमीमा युवराज जन्म भएको कुरा उल्लेख[25] भएबाट रणजीत मल्लको विवाहिता रानी ठिमीकै हुनसक्ने सम्भावना देखिन्छ। ठिमीका जनताले भव्य स्वागत गरेबाट उक्त सम्भावनालाई थप टेवा मिलेको छ। ठिमीमा रानीले शरण लिन गएबाट र दरबारमा भएका त्याइते रानीहरूको विरोधबाट रणजीत मल्लले दरबारमा ठूलो सभा पनि बोलाएका थिए जुन सभामा बूढा राजाले ठूलो अपमान सहन परेको थियो।[26] त्यस समयमा ठिमी प्रभावशाली भएको बुझिन्छ। कमजोर भएको भए भक्तपुर (केन्द्र) को निर्णयलाई वास्ता नगरी स्वतन्त्र रूपमा निर्णय दिने आँट गर्न सक्ने थिएन। यसबाट रणजीत मल्लको नियन्त्रण गर्ने शक्ति कमजोर रहेको अनुमान गर्न सकिन्छ। तर यस सम्बन्धमा हालसम्म यकिन हुन सकेको छैन। एकीकरणको क्रममा भक्तपुरको विजय पूर्व १८२६ वैशाख १ गतेका दिन पृथ्वीनारायण शाहले ठिमीमा आफ्नो अधिकार जमाएका थिए। पृथ्वीनारायण शाहको पक्षमा ठिमीका द्वारे भार्जु नरसिंह रहेकाले पृथ्वीनारायण शाह एकरात ठिमीमा नै बास बसेका थिए।[27]

पृथ्वीनारायण शाहले भक्तपुरको एकीकरणको क्रममा ठिमी प्रदेशलाई प्राथमिकता दिएबाट ठिमीको सामरिक महत्त्व स्पष्ट हुन्छ। अहिले ठिमी भक्तपुर जिल्ला अन्तर्गत पर्दछ र यस जिल्लाको दोस्रो मुख्य वस्तीको रूपमा रहेको छ। प्रशासनिक दृष्टिकोणबाट ठिमी तथा बोडे अति महत्त्वपूर्ण थिए। ऐतिहासिक प्रमाणको आधारमा ठिमीको तुलनामा बोडे महत्त्वपूर्ण देखिन्छ। तत्कालीन

२१. लिलाभक्त मुनंकर्मी, **मध्यकालीन नेपाल**, रत्न पुस्तक भण्डार, २०२५, पृष्ठ ५७-५८।
२२. ऐ., पृष्ठ ६४।
२३. लिलाभक्त मुनंकर्मी, **मध्यकालीन नेपाल**, रत्न पुस्तक भण्डार, २०२५, पृष्ठ ६४।
२४. सं. धनवज्र वज्राचार्य, **अभिलेख संग्रह**, भाग ११, संशोधन मण्डल, पृष्ठ १५।
२५. डिल्लीरमण रेग्मी, **मिडियवल नेपाल**, भाग दुई, फर्मा के. एल. मुखोपाध्याय, कलकत्ता, १९६६, पृष्ठ २४८।
२६. ऐ., पृष्ठ २४८।
२७. **भ्वाइस अफ हिष्ट्री**, हिष्ट्री इन्स्ट्रक्सन कमिटी, त्रि. वि., कीर्तिपुर, डिसेम्बर, १९८२, पृष्ठ १९।

अभिलेख, ताडपत्र आदिमा बोडेमा परमानको नियुक्ति भएको देखिन्छ भने ठिमीमा द्वारे। मल्लकालीन प्रशासन– मा द्वारे पदभन्दा परमान पद विशिष्ट थियो। निम्न परिच्छेदमा ठिमी तथा बोडेको प्रशासनको आधारमा संक्षिप्त जानकारी दिइन्छ।

मल्लकालको पूर्वार्द्ध सम्मको प्रशासन व्यवस्थामा लिच्छविकालको प्रशासन व्यवस्थाको निकै छाप परेको पाइन्छ।[28] राज्य अनेक विषयमा विभक्त थिए। ती विषयहरूको प्रशासन सामन्त रूपका पुस्तौनी हक पाएका स्थानीय प्रशासकहरूले गर्दथे। तिनीहरू केन्द्रका शासकको हुकुम मानी प्रशासन चलाउँथे।[29] सामन्त शासित क्षेत्र बाहेक त्यसवेला प्रत्येक ठूला बस्तीमा स्थानीय प्रशासन चलाउने 'परमान' नियुक्त गरिन्थे भने साना बस्तीमा चाहिं 'द्वारे' नियुक्त गरिन्थे।[30] मल्लकालमा उपत्यकाका तीनै राज्यमा केन्द्रीय शासन छँदै थियो। केन्द्रीय शासन- ले नजिकैका वस्तीलाई पनि नियन्त्रण गर्न नसकेको देखिन्छ। यस समयमा बोडे, नगदेश आदि साना वस्तीले पनि 'देश' भनी शिलालेखहरूमा लेखाएको पाइन्छ।[31] त्यस समयमा ठिमी पनि एउटा ठूलो वस्ती भएको अनु- मान हुन्छ। ठिमी संगै नगदेश र बोडे दुई वस्ती थिए। आजको यहाँको स्वरूपलाई हेर्दा बोडेभन्दा ठिमी निकै ठूलो वस्ती रहेको छ। हाल ठिमीको वस्तीलाई दुई पञ्चायतमा विभाजन गरिएका छन् भने बोडेमा एउटा मात्र पञ्चायत छ। तर मल्लकालका त्यस स्थानमा रहेका शिलालेखहरूको आधारमा हेर्दा बोडेका अभिलेखमा पर- मानको उल्लेख छ भने ठिमीका अभिलेखहरूमा दुवार (द्वारे) को मात्र उल्लेख परेको छ। बोडेको कालिका मन्दिरको अभिलेखमा चोर्छे वहारका परमान परमेश्वर जुजुको उल्लेख छ।[32] नील वाराहीको ने. स. ८०५ को शिलालेखमा 'जयधम पुरिस प्रमान' शब्द परेको छ।[33] वि. सं. १७४२ (ने. सं. ८०६) को बोडे वाकाहा टोलको शिलालेखमा प्रमान मेरूजुको नाम उल्लेख छ।[34] तर ठिमीका कुनै पनि अभिलेखमा 'प्रमान' को उल्लेख भएको छैन। यहाँका अभिलेखमा दुवार (द्वारे) को मात्र उल्लेख छ। उदाहरणको लागि केही अभिलेखहरू केला– इन्छ। ठिमी दोप्याटोल महादेव मन्दिरको भूपतिन्द्र मल्ल– को अभिलेखमा दानपति हरि शिवदेव दुवारको नाम उल्लेख छ।[35] भूपतिन्द्र मल्ल र रणजीत मल्लको वि. सं. १७७८ (ने. सं. ८४१)को ठिमी वाहाखा टोलको अभि– लेखमा पनि शिवमान दुवारको नाम उल्लेख छ।[36] वि. सं. १७८३ (ने. सं. ८४६) को ठिमी इनायटोल नारा– यण मन्दिरको पाटीको शिलालेखमा जयमोहन दुवारको नाम उल्लेख छ।[37] यसबाट सानो बस्ती भए तापनि बोडेको प्रशासन व्यवस्थालाई बढी महत्त्व दिएको

---

२८. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, **पांचाली शासन पद्धतिको ऐतिहासिक विवेचना**, नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०३५, पृष्ठ १२९।

२९. ऐ. पृष्ठ १३०।

३०. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, **दोलखाको ऐतिहासिक रूपरेखा**, नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०३१, पृष्ठ ४७।

३१. संशोधन मण्डल, **पूर्णिमा**, अङ्क ४, वर्ष २, पृष्ठ ७७।

३२. **भक्तपुर शिलालेख सूची**, श्री ५ को सरकार, पुरातत्त्व र संस्कृति विभाग, वीर पुस्तकालय, २०२० पृष्ठ २४।

३३. ऐ., पृष्ठ ६७।

३४. डिल्लीरमण रेग्मी, **मिडियवल नेपाल**, भाग दुई, फर्मा के. एल. मुखोपाध्याय, कलकत्ता, १९६६, पृष्ठ ४४६।

३५. **भक्तपुर शिलालेख सूची**, श्री ५ को सरकार, पुरातत्त्व र संस्कृति विभाग, वीर पुस्तकालय, २०२०, पृष्ठ ३१–३२।

३६. ऐ., पृष्ठ ३३।

३७. ऐ., पृष्ठ ७८।

बोडेको प्रशासन व्यवस्थालाई बढी महत्त्व दिएको देखिन्छ । डिल्लीरमण रेग्मीज्यूले बोडे प्रमानको मुख्य केन्द्र रहेको उल्लेख गर्नु भएको छ ।[38] ठिमीमा प्रमान रहेको भए ठिमीको कुनै न कुनै शिलालेखमा प्रमानको उल्लेख हुनु पर्थ्यो, त्यो नभएकोले ठिमीमा प्रशासन संचालनको लागि 'द्वारे' मात्र रहेको बुझिन्छ ।

ठिमीमा चन्द्रमान जोशीको जेठा छोरा अभयेन्द्रमान जोशीसँग वंशावली सहित तत्कालीन घटनाहरू टिपिएको ऐतिहासिक सामग्री छ । यसमा नेपालमा शासन गर्ने मल्ल, शाह र उनको आफ्नै वंशावली पनि टिपिएको छ । यसमा उनको वंशको एउटा लामो सूची छ ।[39] उक्त सूची अनुसार अभयेन्द्रमान जोशीका पुर्खाहरूले अविछिन्नरूपमा द्वारे पद सम्हाली आएका देखिन्छन् ।

भक्तपुरका अन्तिम राजा रणजीत मल्लको शासनकालमा भाजु नरसिंह ठिमीमा 'द्वारे' थिए ।[40] भाजु नरसिंहले एकीकरणमा श्री ५ पृथ्वीनारायण शाहको पक्ष लिएका थिए ।[41] यसैले उनी श्री ५ पृथ्वीनारायण शाहका विश्वास पात्र भए । यसैले ठिमी तथा नजीक इलाकाको मालपोत उठाई सरकारलाई बुझाउने अख्तियार प्राप्त द्वारेको रूपमा श्री ५ पृथ्वीनारायण शाहबाट पुन: नियुक्ति पाएका थिए ।[42] उनी भीमसेन थापाको समयमा नै ठिमीको 'द्वारे' पदमा रहेका थिए ।[43]

यसरी श्री ५ पृथ्वीनारायण शाहको उपत्यका विजयपछि ठिमी उपत्यकाको एउटा प्रमुख बस्तीको रूपमा रहेको छ । अभयेन्द्रमानका भनाइ अनुसार, भाजु नरसिंहपछि भवानीप्रताप सिंह र चन्द्रमान पनि ठिमीको 'द्वारे' पदमा रहेका थिए । प्रजातन्त्रको उदयपछि 'द्वारे' प्रथाको अन्त्य भयो ।

बोडेको विभिन्न अभिलेखमा 'परमान' को उल्लेख हुनु र ठिमीको अभिलेखमा 'द्वारे' को मात्र उल्लेख हुनुबाट सम्भवत: सरकारी पद कालान्तरमा वंशाणुक्रम भएको पनि हुन सक्छ । तर स्मरणीय छ,ठिमीमा हालसम्म दुइचार खलकले आफ्नो जात लेख्दा 'द्वा' लेख्दछन् । यसकारण आफ्ना पुर्खाहरू कुनै विशेष सम्मानित पदमा रहेबाट कालान्तरमा तिनीहरूका वंशजले उक्त विशेष पद नै आफ्नो जात जनाउने परम्परा जस्तै रहेको होला । त्यसैले बोडेको ऐतिहासिक सामग्रीहरूमा 'परमान' उल्लेख हुनु सम्भवत: बोडे क्षेत्रको कुनै व्यक्ति 'परमान' पदमा नियुक्ति भए र सो पद कालान्तरसम्म उनकै वंशजले चलाई आएबाट उक्त वंशजका सबै परमान कहलिएका पनि हुन सक्छ । तर विशेष पद कालान्तरमा जात विशेषमा परिणत भएको भए तापनि बोडेमा परमान पद हुनु र ठिमीमा 'द्वारे' पद हुनु विचारणीय छ ।

यसरी मल्लकालमा प्रख्यात रहेको ठिमी लिच्छविकालमा के नामले सम्बोधन गरिन्थ्यो स्पष्ट रूपमा भन्न सक्ने कुनै प्रमाण हामीसंग छैन । मल्लकालका भने ताडपत्र तथा अभिलेखहरू समेत पाइएका छन् । यसैको आधारमा मल्लकालीन यसको नामबारे चर्चा गरिन्छ । मल्लकालमा सर्वप्रथम ने. सं. ६८२ को ताडपत्रमा "श्री थेमी मध्ये स्थाने" को उल्लेख छ ।[44] त्यस पछि ने. सं. ६९६, ७१० र ७४४ को ताडपत्रमा क्रमश: "थेमि मधेस्थाने" "श्री थेमिमधेस्थाने" र "श्री मध्येपरिस्थाने थेमि" उल्लेख छ ।[45] त्यसपछि ने. सं. ८०८ को

३८. डिल्लीरमण रेग्मी, **मिडियवल नेपाल**, भाग दुई, फर्मा के. एल. मुखोपाध्याय, कलकत्ता, १९६६, पृष्ठ ४४६ ।

३९. **भ्वाइस अफ हिष्ट्री**, हिष्ट्री इन्स्ट्रक्सन कमिटी, त्रि. वि., कीर्तिपुर, डिसेम्बर, १९८२, पृष्ठ २२ ।

४०. ऐ , पृष्ठ १९ ।

४१. ऐ., पृष्ठ १९ ।

४२. ऐ., पृष्ठ १९ ।

४३. ऐ., पृष्ठ १९ ।

४४. **भूमिसम्बन्धी तमसुक- ताडपत्र**, श्री ५ को सरकार, राष्ट्रिय अभिलेखालय, २०३९, पृष्ठ १ ।

४५. ऐ., पृष्ठ २–४ ।

अभिलेखमा "श्री मध्ये पुरे"[46], ने. सं. ८३१ को अभिलेखमा "श्री मध्ये पुरे'[47]', ने. सं. ८३२ को अभिलेखमा श्री मध्ये पुले"[48], ने. सं. ८३४ को अभिलेखमा "श्री मध्ये पुले"[49], ने. सं. ८४३ को अभिलेखमा "श्री मध्ये पुले"[50] को उल्लेख छ।

यसै बीच ने. सं. ८५३ को अभिलेखमा फेरि "थेमी देशयां" शब्दको उल्लेख छ।[51] यस पछि फेरि "थेमि" उल्लेख नभई ने. सं. ८५४ को अभिलेखमा "मधेपुरी"[52], ने. सं. ८६८ को अभिलेखमा "माध्यपुरी-थान्य"[53], ने. सं. ८६८ कै अर्को अभिलेखमा "मधेपुल देश"[54], ने. सं. ८७३ को अभिलेखमा "श्रीम्मधे परि थान्य"[55], ने. सं. ८८० को अभिलेखमा "श्री २ मध्ये पुरी थाने"[56], ने. सं. ८८४ को अभिलेखमा "श्री २ मध्ये प्रदेश्य"[57] नामको उल्लेख छ। यस समयमा यस ठाउँको नामको अगाडि २ वटा 'श्री' जोडिएकोले यसको महत्त्व बढेको स्पष्ट हुन्छ। त्यस पछि ने. सं. ९०० को अभिलेखमा 'मध्येपुरिस्थान"[58], ने. सं ९३० को अभिलेखमा "थ्वमि देशया" शब्दको उल्लेख छ।[59] आजको झैं ठिमी नामको स्पष्ट उल्लेख भने ने. सं. ९९८ देखि भएको छ।[60]

यसरी आजको ठिमी शुरूमा "थेमि" नामले बुझिन्थ्यो भने बीचमा "थेमि" नाम उल्लेख नभै प्रायः "मध्य पुले" र आज ठिमीको नामबाट यो स्थान प्रख्यात रहिआएको छ।

ठिमीसँगै यसको केही उत्तर तर्फ रहेको बोडे भन्ने लिच्छविकालमा नै प्रख्यात भैसकेको थियो। नक्साल अभिलेखमा चर्चिएको "वौध विषय" हालको बोडे हो र लिच्छविकालमा यो प्रशासनको दृष्टिले आजको जिल्ला स्वरूपको रहेको अड्कल डा. जगदीशचन्द्र रेग्मीज्यूले गर्नु भएको छ।[61] त्यसपछि बोडेको उल्लेख गोपाल राज वंशावलीमा परेको छ। गोपाल राज वंशावलीमा ने. सं. ४५४ मा बोडेको नाम "वोद्यदेश" भनी उल्लेख गरिएको छ।[62] ने. सं. ७६३ को बोडे कालिका मन्दिरको अभि–

---

४६. **भक्तपुर शिलालेख सूची**, श्री ५ को सरकार, पुरातत्त्व र संस्कृति विभाग, वीर पुस्तकालय, २०२०, पृष्ठ २२।
४७. ऐ., पृष्ठ २९।
४८. ऐ., पृष्ठ २९।
४९. ऐ. पृष्ठ ३०।
५०. ऐ., पृष्ठ ३३।
५१. ऐ., पृष्ठ ८०।
५२. ऐ., पृष्ठ ३६
५३. ऐ., पृष्ठ ४१।
५४. ऐ., पृष्ठ ८६।
५५. ऐ., पृष्ठ ४४।
५६. ऐ., पृष्ठ ८९।
५७. ऐ, पृष्ठ ४५।
५८. ऐ., पृष्ठ १०१।
५९. ऐ., पृष्ठ १११।
६०. ऐ., पृष्ठ १२७।
६१. डा. जगदीशचन्द्र रेग्मी, **नेपालको ऐतिहासिक भूगोल**, त्रि. वि., पाठ्यक्रम विकास केन्द्र, २०३९, पृष्ठ ५८।
६२. धनवज्र वज्राचार्य, **गोपाल राज वंशावली**, नेपाल रिसर्च सेन्टर, १९८५, पृष्ठ ५६।

लेखमा "वुदेया" भनी उल्लेख गरिएको छ।[63] त्यसपछि ने. सं. ७७७ को[64] थेमिल टोल अभिलेखमा "धम्मपुरी देश" र ने. सं. ८०५ को नील वाराहीको अभिलेखमा 'जयधर्मपुरिन" भनी उल्लेख गरिएको छ।[65] ने. सं. '९२६ को महालक्ष्मीको घरको अभिलेखमा "वोडे" भनी आजको यसको नाम स्पष्ट रूपमा उल्लेख गरिएको छ।[66] यसरी ने. सं. ९२६ को अभिलेखमा "वोडे" भनी स्पष्ट उल्लेख देखिएकोले उपत्यकाको एकीकरण पछि मात्र व्यवहारमा आएको देखिएको छ।

---

६३. **भक्तपुर शिलालेख सूची,** श्री ५ को सरकार, पुरातत्त्व र संस्कृति विभाग, वीर पुस्तकालय,२०२०, पृष्ठ १६।
६४. ऐ., पृष्ठ ५६।
६५. ऐ., पृष्ठ ६७।
६६. ऐ., पृष्ठ९४।